# लोक सेवा आयोग

नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

समय :- ३ घण्टा

२०७५-११-१

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. नेपालको संविधानले महान्यायाधिवक्तालाई प्रदत्त अधिकारमध्ये मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने काम कर्तव्य तोकिएको छ, सो काम कर्तव्यलाई महान्यायाधिवक्ताले के कति हदसम्म पालना गरेको ठान्नुहुन्छ ? टिप्पणी गर्नुहोस् । १५

२. फौजदारी कसूरसँग सम्बन्धित व्यक्ति वा कसूरदारलाई प्रहरी वा अनुसन्धान अधिकृतले पक्राउ गर्न सक्ने व्यवस्था रहेको सन्दर्भमा विद्यमान मुलूकी अपराध (संहिता) ऐन, २०७४ ले पक्राउ गर्दा पुऱ्याउनु पर्ने कार्यविधिको वारेमा उल्लेख गर्नुहोस् । १५

३. **निम्न विषयमाथि विश्लेषणात्मक प्रस्तुती गर्नुहोस् ।**

(क) भ्रष्टाचार नियन्त्रणमा न्यायपरिषद्को भूमिका र वर्तमान अवस्थामा न्यायपरिषद्को प्रभावकारिता । १५

(ख) सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिच्छेद ४ मा व्यवस्था भएको प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिको बुँदागत रुपमा प्रकाश पार्दै वर्तमान अवस्थामा उक्त कार्यविधि कार्यान्वयनको स्थितिको बारेमा आफ्नो दृष्टिकोण ।

४. अपराध पीडितको हक भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा अपराध पीडितको हक संरक्षणार्थ विभिन्न किसिमका कानूनहरुको व्यवस्था गरिएको भएता पनि अपराध पीडितको हकलाई वास्तविक व्यवहारमा संरक्षण तथा कार्यान्वयन गर्न सकिएको छैन भन्ने जनगुनासो पाइन्छ, अतः अपराध पीडितका हक संरक्षण तथा कार्यान्वयन गर्नका लागि के कस्तो कदम चाल्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् । १५

५. मध्यस्थता अन्तर्राष्ट्रिय र राष्ट्रिय क्षेत्रहरुमा विवाद निप्टाराका महत्वपूर्ण साधन मानिने र राष्ट्रिय कानूनमा विदेशमा भएको मध्यस्थताको निर्णयमा धेरै व्यवधान र विभिन्नता पाइने पृष्ठभूमिमा नेपालको मध्यस्थता ऐन, २०५५ र न्यूयोर्क महासन्धि (Newyork convention, 1958) मा विदेशमा भएको मध्यस्थता निर्णय कार्यान्वयन गराउने व्यवस्था र कार्यान्वयन हुन नसक्ने अवस्थाहरुको तर्कपूर्ण भनाई प्रस्तुत गर्नुहास् । १५

६. स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रशासनबाट नै कानूनी राज्यको अवधारणालाई साकार पार्न र दण्डहीनतालाई निरुत्साहित गर्न सकिन्छ । अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरु उपर अनुसन्धान तहकिकात गरी कानूनी कारबाही चलाउने दायित्व प्रहरी र महान्यायाधिवक्तामा रहेको छ । मुलुकमा शान्ति सुरक्षा स्थापनार्थ फौजदारी न्याय प्रशासन सम्पादन गर्ने जिम्मेवारी प्रहरी र महान्यायाधिवक्ताको रहेको सन्दर्भमा नेपालमा सरकारी मुद्दाहरुको सफलताको संख्या सन्तोषजनक नरहेको तथ्याङ्क महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदनहरुमा प्रकाशित तथ्याङ्कबाट पनि देख्न सकिन्छ । जसबाट उक्त प्रतिवेदनहरुले फौजदारी मुद्दाको सफलताको संख्या कम रहेको देखाउँछ । यसमा एउटै

क्रमशः

निकाय मात्र पूर्णरुपमा जिम्मेवार छैनन् । प्रशस्त कानूनी व्यवस्था छ, संस्थागत संरचनाहरु छन् तथापि सरकारी मुद्दाको सफलताको संख्या न्यून छ ।

माथिको समस्याको कारण कानूनी राज्य पूर्णत: स्थापित गर्न सकिएको अवस्था नरहेकोले सरकारी मुद्दा सफल हुन नसक्नुका पछाडिका कारणहरु के के छन् ? ती कारणहरुलाई निराकरण गर्न के कस्ता कानूनी एवं नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ ? अनुसन्धान र अभियोजनका प्रकृयालाई कसरी प्रभावकारी तुल्याई कार्यान्वयन गर्न सकिन्छ ? सुझाव प्रस्तुत गर्नुहोस् । २५

- समाप्त -

Dotnepal.com